**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २६ अक्तूबर २०२४

समयः १८:५० – १६:०० बजे

**<u>मुख्य समाचार</u>**

1. **प्रधानमन्त्री नरेन्द्र मोदीले २८ अक्टोबरको दिन गुजरातमा विभिन्न परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।**
2. **स्पेनका राष्ट्रपति पेड्रो सान्चेज भोलिदेखि अक्टोबर २९ सम्म भारतको औपचारिक भ्रमणमा रहनुहुनेछ स**
3. **केन्द्रीय गृहमन्त्री अमित शाहले भोलि पश्चिम बङ्गालको पेट्रापोल बन्दरगाहमा यात्री टर्मिनल भवन र मैत्री गेटको उद्घाटन गर्नुहुनेछ।**
4. **लङभिउ चियाबगानका श्रमिकहरूको रिले अनशनले आज १९ दिन पुरा गरेको छ स**
5. **मिरिक झिल परिसरमा भोलि देखि तीन दिवशीय गोर्खा मेलाको आयोजना हुने भएको छ स**
6. **पश्चिम बङ्गाल सरकारले राज्यको पर्यटन विभागमा पञ्जीकृत होमस्टेहरूको वास्तविक परिस्थितिबारे समीक्षा गर्ने निर्णय लिएको छ।**

**<u>प्रधानमन्त्री नरेन्द्र मोदी- गुजरात -शिलान्यास</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले २८ अक्टोबरको दिन गुजरातको भ्रमण गर्नुहुनेछए जहाँ उहाँले विभिन्न परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। भ्रमणको क्रममा प्रधानमन्त्री श्री मोदी र स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले टाटा एडभान्स सिस्टम्स लिमिटेड परिसरमा सी–२९५ विमान निर्माणका लागि टाटा एयरक्राफ्ट कम्प्लेक्सको उद्घाटन गर्नुहुनेछ । प्रधानमन्त्री श्री मोदीले भारत माता सरोवरको उद्घाटन गर्नुका साथै अमरेलीमा लगभग ४ हजार ९ सय करोड रुपियाँ लागतको परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ। इन परियोजनाओं से अमरेलीए जामनगरए मोरबीए देवभूमि द्वारकाए जूनागढ़ए पोरबंदरए कच्छ र बोटाड जिल्लाका नागरिक लाभान्वित हुनेछ। सम्पर्क सुधारका लागि प्रधानमन्त्री श्री मोदीले २ हजार ८ सय करोड रुपियाँ भन्दा अधिक लागतका विभिन्न सडक परियोजनाको उद्घाटन र शिलान्यास पनि गर्नुहुनेछ।

****** ० ******

**<u>स्पेनका राष्ट्रपति-भारत भ्रमण</u>**

स्पेनका राष्ट्रपति पेड्रो सान्चेज भोलिदेखि अक्टोबर २९ सम्म भारतको औपचारिक भ्रमणमा रहनुहुनेछ। उहाँको साथमा उनकी धर्मपत्नी बेगोना गोमेज पनि आउनुहुनेछ । विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै उहाँको यो पहिलो भारत भ्रमण हुने जनाएको छ । स्पेनका राष्ट्रपतिको भ्रमण भ्रमण १८ वर्षपछि हुन लागेको हो । यसअघि प्रधानमन्त्री श्री मोदी र राष्ट्रपति सान्चेजबीच बहुपक्षीय बैठकका क्रममा कैयौँ पटक भेटवार्ता भइसकेको छ । भ्रमणका क्रममा राष्ट्रपति सान्चेजले प्रधानमन्त्री मोदीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुनेछ । दुवै नेताले वडोदरामा सी २९५ विमानको फाइनल एसेम्ब्ली लाइन प्लान्टको उद्घाटन गर्नुहुनेछ ए जुन उड्डयन क्षेत्रमा फ्ल्यागशिप श्मेक इन इन्डियाश पहल होए जुन टाटा एडभान्स सिस्टम्सले एयरबस स्पेनसँगको सहयोगमा स्थापना गरिरहेको छ। भ्रमणका क्रममा विदेशमन्त्री एस जयशंकरले राष्ट्रपति सान्चेजसँग पनि शिष्टाचार भेट गर्नुहुनेछ । राष्ट्रपति सान्चेजले मुम्बईको पनि भ्रमण गर्नुहुनेछस

****** ० ******

**<u>उपराष्ट्रपति जगदीप धनखड़</u>**

उपराष्ट्रपति श्री जगदीप धनखड़ले सनातन धर्म समावेशिताको प्रतीक भएको बताउनु भएको छ स आज बेंगलुरुमा श्री भारतीय स्वामीजीको सन्यास सुवर्ण महोत्सवको क्रममा नम: शिवाय पथ कार्यक्रममा भारतको सांस्कृतिक दर्शनए वसुधैव कुटुम्बकमको बारे प्रकाश पार्नु हुदै उहाँले भन्नुभयो - सनातन धर्मले मानवतालाई एक परिवारको रूपमा हेर्दछ। विश्व जनसंख्याको छैटौं भाग ओगटेको भारतले नम्रताए अहिंसा र अग्रज तथा शिक्षक प्रतिको सम्मानलाई महत्व दिएको उहाँले बताउनु भएको छ ।

****** ० ******

**प्रधानमंत्री नरेन्द्र मोदी 'मन की बात'**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीबाट प्रसारण हुने श्मन की बातश कार्यक्रममा आफ्ना विचार साझा गर्नुहुनेछ । यो मासिक कार्यक्रमको ११५ औं श्रृङ्खला हुनेछ। यो कार्यक्रम आकाशवाणी समाचार र दूरदर्शनको सम्पूर्ण नेटवर्कमा प्रसारण हुनेछ। कार्यक्रम आकाशवाणी समाचारको वेबसाइट र आकाशवाणी एपमा पनि प्रसारण गरिनेछ। यो कार्यक्रम डीडी न्यूज, प्रधानमंत्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलमा पनि प्रत्यक्ष प्रसारण हुनेछ। यो कार्यक्रम हिन्दी प्रसारण लगत्तै क्षेत्रीय भाषाहरुमा प्रसारण हुनेछ।

****** ० ******

**केन्द्रीय ग्रह मंत्री – कोलकाता पेट्रापोल बंदरगाह उद्धाटन**

केन्द्रीय गृहमन्त्री अमित शाहले भोलि पश्चिम बङ्गालको पेट्रापोल बन्दरगाहमा यात्री टर्मिनल भवन र मैत्री गेटको उद्धाटन गर्नुहुनेछ। गृह मन्त्रालय अनुसार प्रधानमन्त्री नरेन्द्र मोदीले सबै दक्षिण एशियाली देशहरुसँग देशको सांस्कृतिक र व्यापारिक सम्बन्धलाई अगाडि बढाउन भारतीय भूमि बन्दरगाह प्राधिकरणलाई नयाँ गतिए दिशा र आयाम प्रदान गर्नुभएको छ । पेट्रापोल बन्दरगाह दक्षिण एसियाको सबैभन्दा ठूलो बन्दरगाह हो। यो भारत र बङ्गलादेश बीचको व्यापार र वाणिज्यको लागि एक महत्वपूर्ण मार्ग हो। दुई देशबीचको लगभग ७० प्रतिशत व्यापार यही बन्दरगाहबाट हुने गरेको छ। पेट्रापोल भारतको आठौं ठूलो अन्तर्राष्ट्रिय अंतर्राष्ट्रीय बन्दरगाह पनि हो। यसको माध्यमबाट भारत र बङ्गलादेशबीच वार्षिक २३ लाख भन्दा अधिक यात्रुहरूको आवागमन हुने गर्दछ।

****** ० ******

**केन्द्रीय प्रत्यक्ष कर**

केन्द्रीय प्रत्यक्ष कर बोर्ड सी.बी.डी.टी. ले कर्पोरेट करदाताहरूलाई कर निर्धारण वर्ष २०२४-२५ को लागि आयकर रिटर्न फाइल गर्ने समयसीमा बढाएको छ। तोकिएको मिति ३१ अक्टोबर देखि नोभेम्बर १५ सम्म बढाएको छ।

****** ० ******

**स्कूल सर्भिस कमिशन - सम्पत्ति जफत**

स्कूल सर्भिस कमिशन (एसएससी)- को ग्रुप-सी र ग्रुप-डी भर्ती घोटालामा केन्द्रिय जाँच एजेन्सी प्रवर्तन निर्देशालयले श्मिडलम्यानश प्रसन्न रायको १६३ करोड़ रुपियाँको सम्पत्ति जफ्त गरेको छ। यस सम्पत्तिमा प्रसन्न रायए उनकी पत्नी काजल सोनी राय र उनको एक कम्पनीको नाममा पञ्जीकृत सम्पत्तिहरू सामेल छन्। प्रवर्तन निर्देशालय ले बताएको छ -ए यस सम्पत्तिमा केही होटल तथा रिसोर्टहरू पनि सामेल छन्। यस कारबाही पश्चात एसएससी घोटालामा ईडीद्वारा जफ्त गरिएको कुल सम्पत्तिको मूल्य ५४४ करोड़ रुपियाँ पुगेको छ।

****** ० ******

**कोलकाता आरजी कर हस्पिटल – नया संगठन**

कोलकाताको आरजी कर अस्पतालमा जुनियर डाक्टरहरूको आन्दोलनलाई नयाँ मोड़ दिँदै जुनियर डाक्टरहरूको एउटा अलग्गै गुट श्वेस्ट बंगाल जुनियर डाक्टर्स एसोसिएशनश नामक नयाँ संगठन बनाइएको छ।हिज गठन गरिएको उक्त संगठनको आधिकारिक घोषणा आज एक प्रेस कन्फ्रेन्स मार्फत गरियो। यसको माध्यमबाट जुनियर डाक्टरहरूको एक वर्गले श्थ्रेट कल्चर . का आरोपहरू विरूद्ध आफ्नो कुरा राख्ने इच्छा व्यक्त गरेका छन्। आन्दोलनकारी डाक्टरहरूको भनाइ छ, अबउसो जनताको लागि यो निर्णय लिनु सहज हुनेछ।नयाँ संगठनका संयोजकद्वय डाक्टर श्रीश चक्रवर्ती र प्रणय माइतीलाई बनाइएको छ।

****** ० ******

**खर्सांग – शिक्षक सप्त बहादुर प्रधानको निधन**

खर्सांगको पुष्परानी मेमोरियल उच्चतर माध्यमिक बिद्यालय का पुर्व सह प्रधानाध्यापक सप्त बहादुर प्रधान अर्थात् सप्त सरको निधन आज बिहान खर्सांग महकुमा अस्पतालमा भयो। उहाँ ९० बर्ष को हुनुहुन्थ्यो स्स्वर्गीय सप्त बहादुर प्रधानको जन्म १९३५मा भएको थियो भने उहाले १९५५ देखि १९९५ सालसम्म पुष्परानी मेमोरियल उच्चतर माध्यमिक बिद्यालयमा सेवा पुर्याउनु भयो स उहाको निधनमा खर्सांगका बिभिन्न संघ-संस्थाहरुले शोक व्यक्त गरेको छ स गोर्खा जन पुस्ताकालयले शोक व्यक्त प्रकट गर्दै यो अपूर्णनीय क्षति रहेको अनि पुस्तकालयले एक जना शुभचिन्तक एव अभिभावक गुमाएको बोध गरिरहेको छ । स्वर्गीय सप्त बहादुर प्रधान को अन्तिम संस्कार भोलि गरिने पारिवारिक सुत्रले बताएको छ ।

****** ० ******

## खर्सांग - लङभिउ चियाबगान

खर्सांग महकुमा अन्तर्गत लङभिउ चियाबगानका श्रमिकहरू पूजा बोनस लगायत पाउनु पर्ने अन्य बकाया राशी भुक्तान गर्नु पर्ने बिषय लिएर जारी रिले अनशनले आज १९ दिन पुरा गरेका छन् सचिया श्रमिकहरुले आफ्नो अधिकार प्राप्त नहुन्जेल सम्म धर्ना जारी राख्ने बताएका छन् स यसै सन्दर्भमा लङभिउ चियाबगानका श्रमिकहरुको गम्भीर अवस्था माथि घूम जोरबङ्गलो पीपल्स अर्गनाइजेसनले चिन्ता व्यक्त गरेका छन्। अर्गनाईजेशनका अध्यक्ष साङ्गे डुक्पाले एक प्रेस विज्ञप्ति जारी गर्दै लङभिउ चियाबगानको श्रमिकहरुको समस्या यथाशीघ्र समाधन गर्न चाडै सम्पूर्ण श्रमिक संगठनका नेताहरु एक हुनपर्ने आवश्यकता माथी जोड़ दिनुभएको छ ।

****** ० ******

## गोर्खा मेला-मिरिक

मिरिक झिल परिसरमा भोलि देखि तीन दिवशीय गोर्खा मेलाको आयोजना गरिने जानकारी प्राप्त भएको छ। लेट्स गो फाउन्डेसन मिरिकको आयोजनामा सम्पन्न हुने यस कार्यक्रमको मूल उदेश्य नेपाली परम्परा र संस्कृति तथा सम्पदा लाई झल्काउनु र यसको संरक्षण एवं प्रबर्धन गर्नु रहेको छ। आयोजक समितिले मिरिक तथा दार्जीलिंग पहाड घुम्न आउने पर्यटकहरुलाई पहाडको संस्कृति सनास्कार र परम्परा बारे जानकारी गराउने कार्यक्रम रहेको रिपोर्टमा बताइएको छ ।

****** ० ******

## तिहार- होमस्टे- समीक्षा

पश्चिम बङ्गाल सरकारले राज्यको पर्यटन विभागमा पञ्जीकृत होमस्टे (घरवास)हरूको वास्तविक परिस्थितिबारे समीक्षा गराउने निर्णय लिएको छ। होमस्टेबारे विविध आरोपहरू आउन थालेपछि सरकारले यस्तो निर्णय लिएको हो। प्रशासनिक सूत्रबाट प्राप्त जानकारीअनुसार गत पहिलो अक्टोबर राज्यको पर्यटन मन्त्रालयको बैठकपछि त्यसै मन्त्रालयका सचिव तथा राज्यका गृह सचिव नन्दिनी चक्रवर्तीको निर्देशमा एउटा निर्देशिका जारी गरिएको छ। पर्यटन मन्त्रालयका एकजना अतिरिक्त निदेशकद्वारा जारी उक्त निर्देशिकामा पेशादार संस्थाद्वारा होमस्टे- हरूको समीक्षा गराउने बताइएको छ। पूजा र तिहारहरूको मौसमपछि होमस्टेहरूको समीक्षा कार्य आरम्भ गरिनेछ।

****** ० ******

## दार्जीलिंग -मेलो टि

दार्जीलिङ पुलिसद्वारा दार्जीलिङ पर्यटन क्षेत्र विस्तारको निम्ति आयोजित मेलो टी फेस्टएटी ट्यून एन्ड स्ट्रीङ-को दोस्रो संस्करणमा बिश्व प्रसिद्ध गिटारिस्ट मार्सिलोले आफ्नो प्रस्तुति दिने साथै अन्तराष्ट्रिय चर्चित म्युजिक ब्याण्डहरु उपस्थित रहने जानकारी दार्जीलिङ पुलिस अधिक्षक प्रविन प्रकाशले दिनुभएको छ । विश्व प्रशिद्ध पर्यटन केन्द्र दार्जीलिङको प्रमुख पर्यटन उधोगलाई शहरी क्षेत्रदेखि गाउँ-बस्ती अनि चियाबारीसम्म पुऱ्याउने उदेश्य राखेर आयोजित मेलो टी फेस्टले स्थानीय युवा जमातलाई स्वरोजगारको अवसर प्रदान गर्ने लक्ष्य राखिएको पुलिस अधिक्षक प्रविन प्रकाशले बताउनु भएको छ ।

****** ० ******